नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-
मिति :

## प्रेस विज्ञप्ति

आज मिति २०७४।१।२२ गते (तद्अनुसार ५ मे २०१७) का दिन South Asia Satellite को शुभारम्भ भएको छ । सो प्रविधिको शुभारम्भ गरेको अवसरमा सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहाल 'प्रचण्ड'ले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी तथा भारत सरकार र भारतीय जनतालाई हार्दिक बधाई दिनुभएको छ ।

उक्त अवसरमा भिडियो कन्फरेन्स मार्फत बोल्नु हुँदै सम्माननीय प्रधानमन्त्रीले भू-उपग्रहको विकासबाट दक्षिण एशिया क्षेत्र अन्तरिक्ष प्रविधिमा आत्मनिर्भर भएको र यसले दक्षिण एशियाली देशहरुलाई एक आपसमा जोड्दै यस क्षेत्रका जनताको जीवनस्तरमा सुधार ल्याउन महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गर्नुभएको छ । खासगरी दूर-स्वास्थ्य सेवा, दूर-शिक्षा, सूचना प्रविधि, मौसम विज्ञान, दैवीप्रकोप व्यवस्थापन र वैज्ञानिक अनुसन्धानका क्षेत्रमा South Asia Satellite प्रणालीको स्थापनाबाट महत्वपूर्ण सहयोग पुग्ने तथा हिमाली र दुर्गम क्षेत्रमा संचार प्रणालीको विस्तारमा समेत सघाउनुका साथै मानव स्रोतको विकासमा समेत नेपाललाई सहयोग पुग्ने हुँदा यो सुविधाबाट अधिकतम लाभ हासिल गर्न पहल गर्ने कुरा बताउनु भएको छ ।

South Asia Satellite को अवधारणा सन् २०१४ को नोभेम्बरमा काठमाडौंमा सम्पन्न भएको १८औं सार्क शिखर सम्लेलनको क्रममा भारतका तर्फबाट प्रधानमन्त्री नरेन्द्र मोदीले प्रस्तुत गर्नु भएको थियो । "Deeper Integration for Peace and Prosperity" भन्ने नाराका साथ सम्पन्न उक्त सम्मेलनमा सदस्य राष्ट्रहरुले यस क्षेत्रका जनताहरुको सामाजिक तथा आर्थिक विकासका लागि अन्तरिक्ष प्रविधिको प्रयोग गर्न अनुभवहरुको आदानप्रदान गर्ने सहमति गरेका थिए । उक्त घोषणा पश्चात भारतले सो अभियानमा आवद्ध हुन अनुरोध गरे बमोजिम नेपालले गत वर्ष नै उक्त प्रविधिको प्रयोगमा सहभागी हुने निर्णय गरेको थियो ।

२०७४ वैशाख २२ गते

दामोदर रेग्मी
सहसचिव/प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np